☎:-०८४-४२०२७७
Email:info.dcbardiya@supremecourt.gov.np

श्री

# बर्दिया जिल्ला अदालत

गुलरिया

पत्र संख्या :– ०७७।०७८ प्रशासन
चलानी नं. :–

मिति :– २०७८।०३।०८

## सूचना।  सूचना।।  सूचना ।।।

प्रस्तुत विषयमा नयाँ भेरिएन्ट सहितको कोभिड-१९ संक्रमण फैलने दर कायमै रहेको र उक्त संक्रमणको साङलो तोड्न जिल्ला प्रशासन कार्यालय बर्दियाबाट मिति २०७८/०३/०७ गते जारी भएको सूचना अनुसार मिति २०७८।०३।०७ गते सम्म जारी भएको निषेधाज्ञा मिति २०७८।०३।१४ गते सम्म थप भएको सन्दर्भमा यस अदालतबाट प्रवाह हुने सेवाहरुको सम्बन्धमा यस अदालतमा मिति २०७८।०१।१३ गते बसेको बार बेन्चको बैठकबाट सेवा प्रवाह सम्बन्धमा निर्णय भई सोही मितिमा जारी गरिएको सूचनामा उल्लेख गरिएका सेवा बाहेकका अन्य सेवाहरु निषेधाज्ञा अवधि भर स्थगन गर्ने तथा निषेधाज्ञा अवधी थप भएमा सो अवधि सम्म सोही निर्णयलाई नै निरन्तरता दिने भनी मिति २०७८।०१।१३ गते नै निर्णय भएको हुँदा जिल्ला प्रशासन कार्यालय बर्दियाबाट जारी भएको निषेधाज्ञा अवधि भर यस अदालतको सोही मिति २०७८।०१।१३ को पूर्व निर्णय अनुसार देहाय बमोजिमका बन्दीप्रत्यक्षीकरणको निवेदन, निषेधाज्ञाका निवेदन, म्याद थप, पक्राउ पुर्जि जारी, जरुरी पक्राउ पुर्जि समर्थन, अभियोग पत्र दर्ता, बयान, थुनछेक आदेश, घरेलु हिंसा सम्बन्धी फिरादपत्र दर्ता र सुनुवाई, CDR अनुमति, मिलापत्र, मुद्दा फिर्ता, मुद्दा डिसमिस, सजाय निर्धारण एवं धरौटी रकम फिर्ता सम्बन्धी काम र मिति २०७८।०३।०३ गतेको बार र बेन्चको बैठकबाट निर्णय भए बमोजिम गर्ने भनिएका सरकारवादी अंग पुगेका विशुद्ध थुनुवा मुद्दाहरुको सुनुवाई, बाल सुधार गृहमा रहेका बालबालिका संलग्न अंग पुगेका सरकारवादी मुद्दाहरुको सुनुवाई, मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा ७३ नं. बमोजिमका निवेदनहरुको सुनुवाई, अंग पुगेका देवानी मुद्दाहरुमा दुवै पक्ष उपस्थित भै मुद्दा सुनुवाई गरी पाउँ भनी निवेदन दिएमा उक्त मुद्दाहरुको सुनुवाई र निषेधाज्ञाको आदेश जारी हुनु अगावै तारेख गुजारी थाम्ने थमाउने अवधि समाप्त भैसकेका सरकारवादी अंग पुगेका मुद्दाहरुको सुनुवाईको काम बाहेक यस अदालतबाट प्रवाह हुने अरु सेवाहरु निषेधाज्ञा अवधिभर स्थगन हुने व्यहोरा सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

..............................
हरि बहादुर चौधरी
तहसिलदार शा.अ.